March 2015

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 3, Vol. 21

www.eurasiareiyukai.com



सन् २०1५ मार्च २५ तारिखका दिन हाम्री मुमा एई होउ तोकु जेन् न्यो ज्यूको १६औं पुण्यतिथि स्मरण समारोह सम्पूर्ण मिहाता शाखा र समाज विकास केन्द्रमा आयोजन हुने भएकोले आफ्नो मिहाता शाखा वा पायक पर्ने समाज विकास केन्द्रमा सहभागी बनौं।

## महागुरु किमी कोतानीज्यूको ४५औं पुण्यतिथि स्मरण समारोह एवं यूराशिया रेयूकाईको भव्य भेला





महा गुरु किमी कोतानीज्यूको ४५औं पुण्यतिथि स्मरण एवं यूराशिया रेयूकाईको भव्य भेला समारोह गत ९ फरवरी २०१५ को दिन महागुरुज्यूको होम्यो, फोटो विराजमान गर्ने मौका पाई यूराशिया रेयूकाई मिहाता, केन्जिचुकी मिहाता एवं यूराशिया रेयूकाईको सम्पूर्ण मिहाता शाखाको मिहातालाई स्वागत गरी यूराशिया रेयूकाई संस्थापक अध्यक्ष दम्पत्तिज्यूको समुपस्थितिमा होजाशु भन्दा माथिका यूराशिया रेयूकाई अन्तर्गत नेपाल, भारत र बंगलादेशका प्रमुख लिडर्सहरुको उपस्थितिमा सम्पन्न भयो।

यसरी नै महागुरु किमी कोतानीज्यूको ४५औं पुण्यतिथि स्मरण समारोह यूराशिया रेयूकाईको सम्पूर्ण मिहाता शाखा, समाज विकास केन्द्र र देश अनुसारको कार्यालयहरुमा पनि २,५७१ जनाको उपस्थितिमा सम्पन्न भयो।

सिलगुढी भारतमा आयोजित मुख्य समारोहमा यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूबाट प्रदान गर्नु भएको मार्गनिर्देशनको सारांश यस प्रकार छ।

१. दिव्यज्योति निकाल्ने यूराशिया रेयूकाईको हामी शिबुचोहरु बन्नु पर्छ। सूर्य र चन्द्रमाको प्रकाश जस्तो होइन। आफू स्वयं आत्माबाट चम्किनु पर्छ र अरुलाई पनि चम्काउनु पर्छ। त्यसको आधार कृतज्ञता र माफी हो।
२. आफै भित्रबाट आफूले अहिलेसम्म महसूस गर्न नसकेको कुरालाई पत्ता लगाउने, अहिलेसम्म नभएको कुरालाई पत्ता लगाउने र विकास गर्ने। तपाईहरु स्वयंले आफूभित्रको आफू स्वयंलाई अविष्कार गर्नुपर्छ।
३. यो वर्षदेखि आफू स्वयंलाई विकास गर्नु पर्छ, त्यसको लागि आफ्नो क्षमतालाई विकास गर्नु पर्छ अनि विशेष गरी युवाहरुले समाज र देशको विकास गर्नुपर्छ।
४. यो संसारलाई यूराशिया महाद्वीपलाई बचाउनका लागि कार्यान्वयन गर्न सक्ने व्यक्ति जन्मिएर आएको छ तर उनीहरुले महसूस गरेका छैनन्। महसूस गराउनको लागि मिचिविकी गर्नुपर्छ। त्यही कुराको लागि आज तपाईहरुले आँखा खोल्नुपर्छ।

## गुरु आन् यू ग्यो तोकु जेन् शी ज्यूको ११औं पुण्यतिथि स्मरण समारोह



हाम्रा गुरु आन्-यू ग्यो तोकु जेन् शी ज्यूको ११औं पुण्यतिथि स्मरण समारोह यूराशिया रेयूकाई सम्पूर्ण मिहाता शाखा, भारत र नेपालका समाज विकास केन्द्र एवं देश अनुसारका कार्यालयहरुमा गुरुज्यूको होम्यो, फोटो विराजमान गरी २४ फरवरी २०१५ का दिन २,९७२ जना सदस्यहरुको सहभागितामा सम्पन्न भई गुरुज्यूप्रति कृतज्ञता फर्काउने मौका प्राप्त भएको थियो।

## मिहाता शाखाहरूको भव्य भेला समारोह सम्पन्न







यूराशिया रेयूकाई १७औं शाखाको भव्य भेला सन् २०१५ फरवरी १४ तारिखको दिन १,३०५ जनाको सहभागितामा नेपालको सिद्धार्थनगरमा, २२औं शाखाको भव्य भेला सन् २,०१५ फरवरी १९ तारिखको दिन १,१३३ जनाको सहभागितामा बर्द्धघाटमा र १५औं शाखाको भव्य भेला २०१५ फरवरी २१ तरिखको दिन १,०४३ जनाको सहभागितामा त्रिशक्ति पार्टी प्यालेस कौशलटार, भक्तपुरमा यूराशिया रेयूकाई एवं आ-आफ्नो शाखाको मिहातालाई विराजमान गर्ने मौका पाई यूराशिया रेयूकाई संस्थापक अध्यक्ष दम्पत्तिज्यूको समुपस्थितिमा सम्पन्न भयो।

# रक्तदान शिविर एवं हस्तकला प्रदर्शनी




९ फरवरी २०१५ को दिन महागुरु किमी कोतानी ज्यूको ४५औं पुण्यतिथि स्मरण एवं यूराशिया रेयूकाईको भव्य भेला समारोहको अवसरमा यूराशिया रेयूकाई प्रधान कार्यालय, सिलगढीमा तराई लायन्स ब्लड बैंक सिलगढीको प्राविधिक सहयोगमा रक्तदान शिविर सम्पन्न भएको थियो ।


यूराशिया रेयूकाईबाट पटक-पटक यसरी रक्तदान शिविर आयोजना गरे वापत् उक्त ब्लड बैंकले यूराशिया रेयूकाईलाई कृतज्ञता पत्रसहित मायाको चिनो प्रदान गर्नुभएको थियो ।





९ फरवरी २०१५ को दिन यूराशिया रेयूकाई प्रधान कार्यालयको प्रागंणमा मुमा श्रीमति हिरोकु मासुनागाज्यूको प्रेरणाबाट संचालित हस्तकलाबाट तयार गरिएका विभिन्न प्रकारका हस्तकलाका सामाग्रीहरुको प्रदर्शनी तथा बिक्रीको स्टल पनि राखिएको थियो ।

# स्वाईन फ्लू (H1N1) सम्बन्धी जानकारी




हाल भारतका विभिन्न राज्यहरुमा स्वाईन फ्लूको प्रकोपबाट पीडित हुने र मर्ने व्यक्तिहरुको संख्या निरन्तर बढिरहेको छ, गुजरात, राजस्थान, मध्यप्रदेश, उत्तरप्रदेश आदि राज्यहरुमा यसको प्रकोप अत्यधिक देखिएको छ। हालसम्म १,०७१ जना भन्दा बढी मानिसहरुको यस रोगबाट मृत्यु भइसकेको छ र १८,००० भन्दा धेरै मानिसहरुमा यस रोगको लक्षण देखा परेको समाचार प्राप्त भएको छ र यसको सर्वाधिक प्रकोप राजस्थानमा देखिएको छ। साथै नेपाल देशमा पनि यो रोग फैलिरहेको स्थिति छ र हाल सम्म ३ जनाको मृत्यु भईसकेको छ।

**स्वाईन फ्लू के हो ?**

स्वाईन फ्लू सुँगुरमा देखिने संक्रमित रोग हो । सुँगरबाट मानवमा यसको जीवाणु सरे पश्चात पीडित मानवबाट फेरि अर्को मानवमा यो सर्ने गर्दछ । ईन्फ्लुएंजा ए भाइरस मध्ये एक किसिमको H1 N1 ले संक्रमित व्यक्तिबाट स्वाईन फ्लू उत्पन्न हुने गर्दछ। स्वाईन फ्लू विशेषत: शुरुमा सुँगुर पालक वा यस पेशासँग सम्बन्धित व्यक्तिलाई संक्रमित सुँगुरबाट सर्ने भए तापनि पछिबाट संक्रमित व्यक्तिले खोक्ने वा हाँच्छिउँ गर्दा सुक्ष्म किटाणु हावामा फैलिने गर्दछ र नजिकै बसेको व्यक्तिले सास लिँदा यो रोग सर्ने गर्दछ । स्वाईन फ्लुको भाइरस एकदमै संक्रमक हुने भएकाले एक व्यक्तिबाट अर्को व्यक्तिमा यो तीव्र गतिले सर्ने गर्दछ ।

**स्वाईन फ्लूको लक्षण**

१. सर्दी, खोकी सँगै ज्वरो आउनु, घाँटी दुख्नु वा शरीरको तापमान बढेमा चिकित्सकलाई तुरुन्त देखाउनु जरुरी छ ।
२. भोक नलाग्नु, सास फेर्न असुविधा हुनु, अत्याधिक थकावट महसूस हुनु, टाउको दुख्नु ।
३. छाती वा पेट दुख्ने गरेमा पनि यस रोगको लक्षण हुने सम्भवना हुन सक्छ। यदि यस्तो लक्षण देखिए रोगीले तत्कालै स्वास्थ्य चौकीमा गएर जचाउँनु पर्छ ।
४. शरीर काम्नु, निरन्तर नाकबाट पानी बग्नु ।
५. मांसपेशी दुख्नु, खकारसंगै रगत जानु ।

**स्वाईन फ्लूबाट बच्ने उपायहरु**

१. स्वाईन फ्लूबाट बच्नको लागि आफ्नो घरदेखि कार्य स्थलसम्म सावधानी अपनाउनु जरुरी छ ।
२. आफ्नो हात मुख साबुन पानीले राम्रोसँग धुनु आवश्यक छ ।
३. खोक्दा वा हाँच्छिउँ गर्दा आफ्नो नाक, मुख राम्रोसँग रुमालले ढाक्ने गर्नु पर्छ ।
४. अवश्य मास्क लगाएर हिडडुल गर्ने ।
५. स्वाईन फ्लूको संक्रमणको रोकथामका लागि स्वाईन फ्लूको खोप लगाउनु पर्छ तर खोपकै भर पर्नु भने उचित हुँदैन ।
६. आपनो कार्यस्थलमा सहकर्मीसँग कम्तीमा ६ फिट टाढा बस्ने गरे राम्रो हो ।
७. खोकी अथवा ज्वरो लगातार आए स्कूल, कलेज, भीडभाड र कार्यालयमा नजाने ।

स्रोत: डा.सुनिल कुमार

# सामाजिक क्रियाकलाप : एक झलक



नि:शुल्क आँखा शिविर, हल्दिबारी, २८औं शाखा


खाना बनाउने तालिम, सिद्धार्थनगर, १७औं शाखा


हस्तकला तालिम, भद्रपुर, २८औं शाखा

# नागरिक सर-सफाई अभियान




सिलगढी, भारत




सिद्धार्थनगर, नेपाल